सिद्धलेक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ
बागमती प्रदेश, नेपाल ।

Email:info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

आ.व.: २०७९/०८०
च.नं. : ३३२६

मिति २०८०।०२।२८

## गर्मी बिदासम्वन्धी सूचना ।

विगत केही दिन अघिदेखि तापक्रममा अत्यधिक वृद्धि भई दैनिक जनजीवनमा प्रत्यक्ष असर परिरहेकोले हालको अवस्थामा विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा अझै बढी असर परिरहेको छ | विद्यार्थीहरुमा वान्ता हुने, थकान महसुस हुने साथै वेहोसीको समस्यासमेत देखिन थालेको भनी केही दिनको गर्मी बिदाका लागि विद्यालय तथा विद्यालय शिक्षासँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिहरु र अभिभावकहरुको समेत अनुरोध भई आएकोले शैक्षिक वर्ष २०८० को वर्षे विदाबाट कट्टी हुने गरी मिति २०८०/०२/२९ देखि २०८०/०२/३१ गतेसम्म यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुमा पठनपाठन बन्द रहने व्यहोरा आदेशानुसार अनुरोध छ। साथै बिदाका समयमा तपसिलका कार्यहरु गर्नु गराउनु हुन सम्वन्धित सबैमा अनुरोध छ।

तपसिलः

१. बालबालिकालाई दिउँसो घाममा बाहिर निस्कन नदिई घरमै सुरक्षित रुपमा रहने व्यवस्था मिलाउने,

२. बालबालिकाहरुलाई रचनात्मक र सिर्जनात्मक कार्यमा सहभागी हुन प्रोत्साहन गर्ने,

३. बालबालिकालाई पोषणयुक्त खाना खुवाउने, जंकफुड, स्वास्थ्य लाई प्रतिकुल असर गर्ने खानेकुराहरु खान नदिने / नखुवाउने, स्वच्छ पानी पिउने व्यवस्था मिलाउने,

हरिबहादुर पाटा मगर
नि. प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ:</u>

श्री सूचना प्रविधि शाखाः सूचना वेवसाइटमा मार्फत सम्प्रेषण गरिदिनु हुन ।

( पुनश्चः यदि बिदाकै बिचमा विद्यालय सञ्चालनका लागि मौसम अनुकुल भएमा विद्यालय सञ्चालनको अर्को सूचना गरिने व्यहोरासमेत जानकारी गराइन्छ ।)

Scanned with CamScanner